☆ ☆ ☆

News Release

American Center, Embassy of the United States
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
March 9, 2007

षडयन्त्रको आरोपसम्बन्धमा दूतावासको ध्यानाकर्षण:
सूचना प्रहरीलाई उपलब्ध गराउन आग्रह

नेपालमा कार्यरत अमेरिकी अधिकारीहरुको हत्या गर्ने षडयन्त्र हुँदैछ भन्ने सार्वजनिक आरोपप्रति अमेरिकी दूतावासको ध्यान आकृष्ट भएको छ । नेपालका सञ्चारमाध्यमले जनाएअनुसार माओवादी नेता प्रचण्डले बिहिवार पोखरामा आमसभालाई सम्बोधन गर्दै उक्त कुरा बताएका हुन् ।

नेपाल स्थित अमेरिकी नागरिकको सुरक्षा गर्नु दूतावासको मुख्य प्राथमिकता हो । यदि माओवादी नेतासँग उक्त कुरालाई पुष्टी गर्ने प्रमाण छ भने वहाँले तुरुन्तै यसको जानकारी प्रहरीका अधिकारीहरु तथा दूतावासलाई गराउनु पर्छ । यस्तो मामिलामा अपनाउनु पर्ने उचित तरीका यही हो । यदि वहाँसँग यस्तो कुनै जानकारी छैन भने यस्तो अभिव्यक्ति दिनु गैरजिम्मेवार तथा खतरनाक हो ।

हामी फेरी पनि माओवादीलाई सधैंका लागि हिंसा त्यागेर नेपालको शान्तिपूर्ण लोकतान्त्रिक प्रक्रियामा योगदान गर्न आग्रह गर्दछौं । लोकतन्त्रमा राजनैतिक पार्टीहरुले मतदातालाई आफ्नो विश्वासमा लिनसक्ने क्षमतामार्फत शान्तिपूर्ण चुनावमा उनीहरुको समर्थन जित्नुपर्छ– हिंसा र धम्कीका माध्यमबाट होइन ।

####